नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था

# मुक्तिनाथ विकास बैंक लि.

# MUKTINATH BIKAS BANK LTD.

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu, Tel: 01-4168683 (Hunting Line)
Fax: 01-4168684, E-mail:info@muktinathbank.com.np, www.muktinathbank.com.np

## UNAUDITED FINANCIAL RESULT (QUARTERLY)

### As at 4th Quarter (2074-03-31) of the Fiscal Year 2073/074

(Rs. in '000)

| S.No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **19,760,356.40** | **17,932,050.03** | **13,043,788.96** |
| 1.1 | Paid-up Capital | 1,545,837.86 | 1,542,716.26 | 838,432.75 |
| 1.2 | Reserves and Surplus | 776,088.57 | 634,897.59 | 503,383.93 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | - | - | - |
| **1.5** | **Deposits (a+b)** | **16,775,223.46** | **15,148,364.96** | **11,276,653.12** |
| | a. Domestic Currency | 16,775,223.46 | 15,148,364.96 | 11,276,653.12 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 663,206.51 | 606,071.22 | 425,319.16 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **19,760,356.40** | **17,932,050.03** | **13,043,788.96** |
| 2.1 | Cash & Bank Balance | 1,816,096.77 | 1,451,029.12 | 1,098,364.15 |
| 2.2 | Money at call and short Notice | 1,987,630.08 | 1,638,158.05 | 1,571,366.45 |
| 2.3 | Investments | 166,920.95 | 184,821.48 | 114,959.67 |
| **2.4** | **Loans & Advances (Gross) (a+b+c+d+e+f)** | **15,316,388.51** | **14,174,619.37** | **9,904,773.90** |
| | a. Real Estate Loan | 711,709.45 | 761,481.14 | 473,734.74 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | 41,282.05 | 30,004.11 | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 670,427.40 | 731,477.03 | 473,734.74 |
| | b. Personal Home Loan of Rs. 10 million or less | 1,657,477.73 | 2,030,285.25 | 1,656,504.17 |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | 2,660,520.58 | 2,493,429.66 | 1,902,174.62 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 2,815,974.37 | 2,496,334.90 | 1,655,135.38 |
| | f. Others | 7,470,706.37 | 6,393,088.42 | 4,217,224.99 |
| 2.5 | Fixed Assets | 398,928.27 | 357,837.05 | 299,350.42 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 74,391.83 | 125,584.96 | 54,974.36 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 1,880,946.42 | 1,290,012.91 | 1,174,763.36 |
| 3.2 | Interest Expense | 850,137.90 | 558,945.59 | 483,905.43 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **1,030,808.53** | **731,067.32** | **690,857.93** |
| 3.3 | Fees Commission and Discount | 39,369.39 | 23,162.66 | 19,594.13 |
| 3.4 | Other Operating Income | 181,452.92 | 135,251.13 | 139,380.11 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **1,251,630.85** | **889,481.11** | **849,832.17** |
| 3.6 | Staff Expenses | 250,441.69 | 172,160.95 | 149,717.32 |
| 3.7 | Other Operating Expenses | 204,923.16 | 133,031.81 | 136,025.95 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **796,265.99** | **584,288.35** | **564,088.90** |
| 3.8 | Provision for Possible Loss | 56,717.72 | 47,568.42 | 31,057.31 |
| **D** | **Operating profit (C-3.8)** | **739,548.27** | **536,719.93** | **533,031.60** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 33,826.14 | 20,830.04 | 26,061.78 |
| 3.10 | Write Back of Provision for Possible Loss | 5,995.16 | - | 7,273.11 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **779,369.57** | **557,549.97** | **566,366.49** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | (3,424.10) |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **779,369.57** | **557,549.97** | **562,942.39** |
| 3.12 | Provision For Staff Bonus | 70,851.78 | 50,686.36 | 51,176.58 |
| 3.13 | Provision For Tax | 212,201.58 | 151,738.39 | 152,886.19 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **496,316.21** | **355,125.22** | **358,879.62** |
| **4** | **Ratios (Mandatory)** | | | |
| 4.1 | Capital Fund to RWA | 14.96% | 14.97% | 12.11% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.02% | 0.10% | 0.09% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 5433.48% | 1108.95% | 1165.35% |
| 4.4 | Cost of Funds (LCY) | 7.66% | 6.91% | 4.97% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 70.52% | 70.37% | 78.63% |
| 4.6 | Base Rate | 11.68% | 11.02% | 8.57% |

* Loans & Advances and Non Banking Assets are being presented on gross basis and loss provisions are being included on other liabilities.
* Previous period figures have been regrouped/rearranged whereever necessary.
* Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०७३/०७४ को चौथो त्रैमासिक प्रतिवेदन

### १. वित्तीय विवरण :

**क) यस विकास बैंकको वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :**

अ) यस विकास बैंकको चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ । यस समीक्षा अवधिमा विकास बैंकको कुल निक्षेप गत वर्षको सोहि अवधिको तुलनामा ४८.७६ प्रतिशतले बृद्धि भई रु. १६ अर्व ७७ करोड पुगेको छ भने कुल कर्जा लगानी ५४.६४ प्रतिशतले वृद्धि भई रु. १५ अर्व ३१ करोड पुगेको छ । साथै, यस अवधि सम्मको खुद मुनाफा गत वर्षको सोही अवधिको तुलनामा ३८.३० प्रतिशतले वृद्धि भई रु. ४९ करोड ६३ लाख रहेको छ ।

आ) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण: केहि नभएको ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| | | | |
|---|---|---|---|
| प्रति सेयर आम्दानी | रु. ३२.११ (वार्षिक) | प्रति सेयर कुल सम्पत्तिको मूल्य | रु. १,२७८.२९ |
| मूल्य आम्दानी अनुपात | ३०.२४ (वार्षिक) | तरलता अनुपात | २२.६७ प्रतिशत |
| प्रति सेयर नेटवर्थ | रु. १४९.८० | पूँजीकोष अनुपात | १४.९६ प्रतिशत |

### २. व्यवस्थापकीय विश्लेषण :

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** चालु आ. व. को चौथो त्रैमासमा विकास बैंकको मौज्दात र आम्दानी बिगतमा झैं निरन्तर बृद्धि भईरहेको छ भने तरलतामा सामान्य संकुचन रहेको छ । सम्पत्तीको गुणस्तरीय व्यवस्थापन, संस्थागत सुशासनको पूर्ण पालना, समय सापेक्ष गुणस्तरीय सेवामा विविधिकरण, कार्यक्षेत्रहरुमा सेवा विस्तार, ठूलो ग्राहक संख्याको आधार एवं विकास बैंकको ख्यातीले गर्दा व्यवसायमा बृद्धि भएको छ । समग्र बैंकिङ्ग क्षेत्रमा देखिएको तरलता संकुचनको केहि प्रभाव समेत परेको छ ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापकको बिश्लेषणात्मक विवरण :**

१. ने.रा.बैंकको निर्देशन अनुसार कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिंदै उर्जा, पर्यटन एवं घरेलु तथा साना उद्योग लगायतका उत्पादनशील क्षेत्रहरुमा व्यवसाय बृद्धि गर्दै जाने योजना रहेको छ ।

२. ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ्ग, सल्यान जिल्लाको लुहाम, श्रीनगर र बागचौर, चितवन जिल्लाको पर्सा बजार, काठमाण्डौं जिल्लाको न्यूरोड, नयाँवानेश्वर, चावहिल र कुमारीपाटी, मोरङ जिल्लाको विराटनगर, उदयपुर जिल्लाको कटारीबजार, दाङ जिल्लाको तुलसीपुर, बाँके जिल्लाको नेपालगञ्जमा शाखा स्थापना गर्ने प्रकृया अगाडि बढेको छ । साथै बैंकिङ्ग सम्भावना बोकेका तर बैंक तथा वित्तीय संस्था नपुगेका अन्य उपयुक्त स्थानहरुको सम्भाव्यता अध्ययन गरी शाखा सञ्जाल विस्तार गर्ने योजना रहेको छ ।

३. संस्थाले स्वप्रयोजनको लागि काठमाण्डौं महानगरपालिका वडा नं. ०३, लाजिम्पाटमा खरिद गरेको जग्गामा (१,२२७.४८ वर्ग मिटर क्षेत्रफलको जग्गा) कार्यालय भवन निर्माण गरिने छ ।

४. तोकिएको समय सीमा भित्र आफ्नै पहलमा रु. २ अर्ब ५० करोड चुक्ता पूँजी पुर्‍याईने योजना रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन । तथापि, अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोबार प्रभावित भईरहेको छ ।

### ३. कानुनी कारबाही सम्बन्धी :

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :** कुनै जानकारी प्राप्त नभएको ।

**ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :** यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

**ग) कुनै संचालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :** यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

### ४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :** यस विकास बैंकको सम्पूर्ण सेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भै धितोपत्र विनिमय बजारमा खुल्ला बजारले निर्धारण गरे बमोजिम सेयरको कारोबार भईरहेको छ ।

**ख) त्रैमासिक अवधिको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :**
यस अवधिको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. १,०९२ | कुल कारोबार भएको दिन | ५७ दिन |
| न्यूनतम मूल्य | रु. ९१५ | कुल कारोबार सेयर संख्या | ६८६,६०९ (कित्ता) |
| २०७४ आषाढ मसान्तको अन्तिम मूल्य | रु. ९७१ | कुल कारोबार संख्या | ४,७९७ |

(स्रोत : नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

### ५. समस्या तथा चुनौती :

**यस विकास बैंकले वहन गरेको आन्तरिक तथा वाह्रय समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।**

**क) आन्तरिक समस्या तथा चुनौती :** नयाँ शाखा विस्तारको लागि दक्ष जनशक्तिको अभाव साथै उनीहरुको क्षमता अभिवृद्धिमा समस्या, दुर्गम स्थानमा रहेका शाखाहरुमा कोष व्यवस्थापनमा समस्या तथा सोको बढ्दो लागतले गर्दा संस्थाको मुनाफा वृद्धिदर कायम राखी राख्नु थप चुनौतीपूर्ण रहेको छ ।

**ख) वाह्रय समस्या तथा चुनौती :** देशको संक्रमणकालिन राजनैतिक अवस्था, न्यून आर्थिक बृद्धिदर, लगानी मैत्री वातावरणको अभाव, बैंकिङ्ग क्षेत्रमा देखिएको तीव्र प्रतिस्पर्धा, तरलतामा देखिने उतार चढाब, साथै निक्षेप, कर्जा तथा लगानी सम्बन्धी नीतिगत व्यवस्थामा भईरहने परिवर्तनलाई बाह्रय समस्या तथा चुनौतीको रुपमा लिइएको छ ।

**ग) रणनीति :**
उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न उत्पादनशील क्षेत्रहरुमा लगानी बढाउने, दक्ष जनशक्ति विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, नियमक निकायको निर्देशन बमोजिम व्यवस्था गर्दै जाने, समानुपातिक रुपमा प्रत्येक वर्ष चुक्ता पूँजी बृद्धि गर्ने र ग्राहकमुखी वित्तीय सेवाहरु उपलब्ध गराउनु नै संस्थाको रणनीति रहेको छ ।

### ६. संस्थागत सुशासन :

**संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :**

क) संस्थागत सुशासनलाई बैंकले अति महत्वका साथ मनन गरी सो सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ । साथै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन आन्तरिक लेखापरीक्षण विभागलाई बैंकको कारोबार बृद्धि संगसंगै स्तरोन्नती गर्दै आएको छ ।

ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिएको छ साथै सोको नियमित अनुगमन र निरीक्षण गर्ने व्यवस्था गरिएको छ ।

### ७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।